# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आँधिखोला गाउँपालिका
## स्याङ्जा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

आँधिखोला गाउँपालिका

स्याङ्जा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आँधिखोला गाउँपालिका

## स्याङ्जा

## आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

प.सं. २०८०।८१
च.नं. ३१

मिति : २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,

आँधिखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

स्याङ्जा ।

१. **कैफियत सहितको राय -** हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु.१ करोड ४९ लाख ८२ हजार बेरूजु देखिएको छ । सो सम्बन्धमा रु. १ करोड ३१ लाख ६३ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरूजु असुल गर्नुपर्ने रु.६ लाख १२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१३ लाख ६५ हजार समेत गरी यस वर्ष रु.१९ लाख ७७ हजार बेरूजु कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु.६ करोड १९ लाख २६ हजार बेरूजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजु रु.५ करोड १७ लाख १३ हजार रहेको छ । पालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका

छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

**आँधिखोला गाउँपालिका,**
**स्याङ्जा जिल्ला,**

## १. चालु वर्ष २०७९।८० को बेरूजु

### बेरूजु वर्गीकरण

(रु. हजारमा)

| प्रारम्भिक बेरूजु | | | प्रतिक्रिया बाट फस्यौंट | | | प्रतिक्रिया बाट थप बेरूजु रकम | बाँकी बेरूजु | | | बेरूजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४५ | ३९ | १४९८२ | ० | ३३ | १३१६३ | १५८ | ४५ | ६ | १९७७ | ६१२ | ० | १३६५ | ० | ० | १३६५ | ० |

## २. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरूजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु | यो वर्षको बेरूजु | कुल बेरूजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| आँधिखोला गाउँपालिका, स्याङ्जा | ६१९२६ | ० | १२४१२ | ४९५१४ | २२२ | १९७७ | ५१७१३ |

## ३. बेरूजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरूजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम रु. |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | ०७९।८० | ७ | सशर्त रकम फिर्ता | १४८७१० |
| २ | ०७९।०८० | २२ | सोझै खरिद अनियमित | ३५६६६६४ |
| ३ | ०७९।०८० | २६ | ठेक्काको बिल भुक्तानी गर्दा अग्रिम कर, धरौटी तथा भ्याट कट्टा नगरेको (रु.६७१००४ मध्ये) | ५१३०३० |
| ४ | ०७९।०८० | २८ | बिमामा बढी भुक्तानी | ३९९९० |
| ५ | ०७९।०८० | ३० | विद्यालय भौतिक पूर्वाधार निर्माणको कार्य सम्पन्न प्रतिवेदन | २२५५२३० |
| ६ | ०७९।०८० | ३५ | असुली गर्न बाँकी आन्तरिक आय | १४००० |
| ७ | ०७९।०८० | ३८ | आय ठेक्कामा भ्याट र अग्रिम कर | ५९६१४४ |
| ८ | ०७९।०८० | ४४ | पारिश्रमिक कर असुली | २४०३५ |
| ९ | ०७९।०८० | ४८ | विद्यालयलाई छात्रवृत्ति रकम निकासा भन्दा कम वितरण | १९६०० |
| १० | ०७९।०८० | ५० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५१८५००० |
| ११ | ०७९।०८० | ५३ | बीमा तथा नविकरणको पेश्की फछ्र्यौट | १११८१२ |

| | | | | |
|---|---|---|---|---|
| १२ | ०७९।०८० | ५५ | पेश्की बाँकी | ५३१००० |
| **चालु वर्षको जम्मा** | | | | **१३००५२१५** |
| **गत विगत वर्षतर्फको** | | | | |
| १ | **२०७८।७९** | | | ५१४८४२७ |
| २ | **२०७७।७८** | | | ७२६३२०७ |
| | **गत विगतको जम्मा** | | | **१२४११६३४** |
| | **कुल जम्मा** | | | **२५४१६८४९** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ६९.६१ वर्ग किलोमिटर तथा जनसंख्या १४ हजार ९७० रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१० देखि २०८०।६।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू

सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय-व्ययतर्फ रु. ७०,०७,८१,१२५।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूचीमा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरू -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरू अनुसूची-२ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६,७५,४४५।०० असुल भई दाखिला भएको तथा बर्षान्तमा बाँकी रहेको सशर्त अनुदान रु. ३४,९७,७७८।०० संघीय सञ्चित कोष दाखिला भएको प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | निर्माण व्यवसायीलाई बढी भुक्तानी | ६७५४४५ |
| २ | निकासा फिर्ता | ३४९७७७८ |
| जम्मा | | ४१७३२२३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **एकिकृत आर्थिक विवरण -** पालिकाको एकिकृत आर्थिक विवरण अनुसूचीमा संलग्न छ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छनः

- पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- राजश्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वयन अवस्था कमजोर रहेको,
- रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेशण गरी सम्भाव्य आयोजनाको बैङ्क तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य नभएको,
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक नगरेको,
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- कुनै रकमको भुक्तानी दिंदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राखुपर्नेमा नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरूको विवरण सम्बन्धित वडा समितिहरूको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरूको विवरण सभामा पेश नगरेको,

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले उक्त विवरणहरू सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरूको अभिलेख राखेको छैन,
- खेलकुद कार्यक्रम, साँस्कृतिक कार्यक्रमहरूको लागि अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,
- सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रु. ६० करोड ५८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट सोही दिन पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ५ वटा नियमावली, ३१ कार्यविधि लगायत ५३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाको आवश्यकता अनुसार अन्य कानुनहरू समेत निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

६ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष रु. १ करोड २७ लाख ५० हजार अवण्डा बजेट व्यवस्था गरी २५ योजनामा पूरै रकम खर्च

गरेको छ। बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

७ **मौज्दात रकम फिर्ता -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-८ मा रु. १४८,७१० सम्परीक्षण गरिएको ।)*

८ **चौमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च (रु.) | चौमासिक खर्च (रु.) | | | आषाढ महिनाको खर्च (रु.) |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | |
| पुँजीगत खर्चतर्फ | २२१८९६३२० | ३४३५१२२९ | ४८१९०२०५ | १३९३५४८८६ | ६७६३४२०० |
| प्रतिशत | | १५.४८ | २१.७२ | ६२.८० | ३०.४८ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. २२,१८,९६,३२०।०० निकासा भएकोमा प्रथम चौमासिकमा रु. ३,४३,५१,२२९।०० (१५.४८ प्रतिशत), दोस्रो चौमासिकमा रु. ४,८१,९०,२०५।०० (२१.७२ प्रतिशत) र तेस्रो चौमासिकमा रु. १३,९३,५४,८८६।०० (६२.८० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६,७६,३४,२००।०० (३०.४८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

९ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको १५ गरी कुल १७ विवाद दर्ता भएकोमा १५ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१० **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा पुरै दरबन्दी पूर्ति भएको देखिन्छ । दरबन्दी भन्दा बाहिर २ हलुका सवारी

चालक (एक एम्बुलेन्स चालक सहित) नियुक्त गरीएको छ । संगठन तथा व्यवस्थापनलाई आवश्यकता अनुसार अद्यावधिक गरी पालिकाको कार्यसञ्चालनलाई व्यवस्थित बनाउनु पर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत | कुल खर्च मध्ये खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४१२००००० | ३४९६०९६७ | ८४.८६ | ६.२६ |
| २ | पूर्वाधार विकास | २१५८८९००० | १७१९२२५०४ | ७९.६३ | ३०.७८ |
| ३ | सामाजिक विकास | २७५१६३००० | २४५५३५०३७ | ८९.२३ | ४३.९५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३५८४०००० | ३२२६३५६३ | ९०.०२ | ५.७८ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८३८४८००० | ७३९४९७२० | ८८.१९ | १३.२४ |
| जम्मा | | ६५१९४०००० | ५५८६३१७९१ | ८५.६८ | १००.०० |

उपर्युक्त विवरण अनुसार क्षेत्रगत बजेट र खर्चको तुलना गर्दा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा बढी अर्थात बजेटको ९०.०२ प्रतिशत र पूर्वाधार विकासमा सबैभन्दा कम अर्थात बजेटको ७९.६३ प्रतिशत खर्च भएको छ । साथै सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी अर्थात ४३.९५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी अर्थात ५.७८ प्रतिशत खर्च भएको छ । पालिकाको वस्तुस्थिति, स्थानीयहरूको माग र आवश्यकताको आधारमा बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१२ **खर्च बिश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु. २,५८,२०,९८८।५९ (लागत सहभागिता समेत), राजस्व बाँडफाँड र अनुदानबाट रु.६२,६१,१९,०११।४१ समेत रु.६५,१९,४०,०००।०० आम्दानी भएकोमा चालुतर्फ रु. ३३,६७,३५,४७१।०० र पुँजीगत तर्फ रु.२२,१८,९६,३२०।०० समेत रु.५५,८६,३१,७९१।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.६२ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.७६,८५,३३५।०० खर्च भएको छ जुन लागत सहभागिता बाहेकको आन्तरिक आय रु.१,२०,७६,१२७।०० को ६३.६४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.२७ प्रतिशत चालु र ३९.७३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक

समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्ष सामाजिक सुरक्षा तर्फको खर्च बाहेक अन्य खर्चको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

१४ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष रु. १,०५,०००।०० खर्च गरी ३ पटक सार्वजनिक सुनुवाई गरेको छ । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१७ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ६ वटा वडाको लागि वडागत ८० र पालिकास्तरमा १०३ गरी कुल १८३ योजनामा बजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १०३ | १८ | ० | ८५ |
| २ | वडास्तरीय | ८० | ० | ४ | ७६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागतप्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये रु. ११ लाख ५० हजारको ६ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१८ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले यो बर्ष रु. २२,१८,९६,३२०।०० पुँजीगत खर्च गरेकोमा छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१९ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२० **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र २२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२१ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन शिर्षकमा बजेट राखी विभिन्न १३७ जनालाई रु. ७,७६,०००।०० आर्थिक सहायता वितरण गरेको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट

पालिकालाई प्रतिफल प्राप्त हुने देखिँदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित भई पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

२२ **सोझै खरिद -**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रु. ३५६६६६४ संपरीक्षण गरिएको ।)*

२३ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२४ **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई निम्नानुसार रकम भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायी | पान नं. | बिल रकम | भ्याट रकम |
|---|---|---|---|---|---|
| Sepat Bharsyang Deurali Panchase Rural Road Upgrading Work | ANDH-W-NCB-SP-०२-२०७७-७८ | Shree Singha & Brothers/ Sanskriti/ Shree Champeshwor J.V. | ६१४५२८९२१ | ७१०२४०० | ८१७०९० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,१७,०९० |

२५ **बीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु. २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनुपर्ने व्यवस्था छ । पालिकाले तपशिल बमोजिमका ठेक्काहरूमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा बीमा गरेकोमा तोकिएको अवधि सम्मको बीमा नगरेको कारण ठेक्का व्यवस्थापनमा असर पर्ने देखिन्छ । यसरी बीमा नगराइ नियमावलीले गरेको व्यवस्था बमोजिम बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम (रु.) | बीमामा खर्च रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| ANDH-W-NCB-BLDG-१७-२०७८/७९ | श्री आरुषी कन्स्ट्रक्सन पोखरा ०७ कास्की | ६५८७७४८ | ३८३७५ | बीमा अवधि नपुगेको |
| ANDH-W-NCB-BLDG-०६-२०७८/७९ | श्री विद्यामोहन इन्जिनीयरिंग कम्पनि प्रा.लि. आँधीखोला ०५ | ७१३९९०२ | ५१०७९४ | ,, ,, |
| ANDH-W-NCB-JM-१२-२०७८-७९ | Shree Anshubi/Swarnim J.V Pokhara-५ | २२६९६०२२ | १०९८०१ | ,, ,, |
| ANDH-W-NCB-GN-१३-२०७८-७९ | Shree Creative Engineering Construction Pvt.Ltd Pauwaigaunde-०,syangja | १२५६७८८३ | ५७६९७ | ,, ,, |
| ANDH-W-NCB-PLDG-११-२०७९/८० | Raite Construction, Pokhara | २०२७३५१ | २४०१७ | ,, ,, |
| ANDH-W-NCB-BLDG-१०-०७९-८० | Shree Pokhara Shivam Construction &Suppliers Pvt.Ltd Pokhara-१७,Kaski | ९१९००७३ | - | बीमा नगरेको |
| ANDH-W-NCB-PLDG-१३-२०७९/८० | Sargam Builders, Aadhikhola २ | २०४१२६० | - | ,, ,, |

२६ **बिल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। साथै निम्नानुसार ठेक्काको सम्झौताको शर्तमा नियमानुसार अग्रिम कर, धरौटी तथा ३० प्रतिशत भ्याट कट्टा गरी बिल भुक्तानी गर्ने व्यवस्था छ । निम्नानुसार ठेक्काको बिल भुक्तानी गर्दा अग्रिम कर, धरौटी तथा भ्याट कट्टा नगरी भुक्तानी गरेको पाईयो । यसबाट ठेक्का व्यवस्थापन, राजस्वमा असर पर्ने देखिन्छ । यसरी कट्टा नभएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| काम | ठेक्का नं. | निर्माण व्यवसायी | अग्रिम कर | ३० प्रतिशत भ्याट | धरौटी | जम्मा |
|---|---|---|---|---|---|---|
| त्रिसहिद मा. बि.मा छात्रबास भवन निर्माण | ANDH-W-NCB-BLDG-१९-०७८-७९ | श्री रेगान निर्माण सेवा, सुर्खेत | १४५६२ | ३७८६० | ४८५३९ | १००९६१ |
| जन प्रदिप मा. बि. | ANDH-W-NCB- | श्री रेगान निर्माण सेवा, सुर्खेत | ५५२१८ | १४३५६८ | १८४०६२ | ३८२८४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | BLDG-१५-०७८-७९ | | | | |
| जम्मा | | | | | ४८३८०९ |

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-८ मा श्री विद्यामोहन इन्जिनीयरिंग कम्पनि प्रा.लि. स्याङ्जा को रु.३,४२,४१८ र श्री लाखे/थापा जे.भी. स्याङ्जा को रु.३,२८,५८६ सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८३,८०९ |

२७ **परामर्श तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| क्र.सं. | योजना | लागत अनुमान | सम्झौता रकम | भुक्तानी | योजनाको लागत अनुमान |
|---|---|---|---|---|---|
| १. | updating of municipal profile of aandhikhola rm & preparation of GIS based map of aandhikhola | १०२६०७६ | ९९७७९० | ९९७७९० | नखुलेको |
| २. | Upgrading of RMTMP | १२०७७८१ | ११९४४१० | ११९४४१० | नखुलेको |
| ३. | Preparation of disaster preparedness and response plan of aandhikhola rural municipality | ९९९९३१ | ९९५५३० | ९९५५३० | नखुलेको |
| ४. | preparation of wash plan | १५६७३४७ | १५५३७५० | ४१२५०० | नखुलेको |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा समेत ध्यान दिनुपर्दछ।

२८ **बिमामा बढी भुक्तानीः**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-८ मा रु.३९,९९० सम्परीक्षण गरिएको ।)*

२९ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३.९२ देखि ४६.६३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको

पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्बन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| Shree janapradip hostel construction work | ANDH-W-NCB-BLDG-०५-२०७९/८० | Shree Sundar Nirman Sewa ,Deurali ०४ Kaski | ५९२२६५२६ | ३७३०३३९३ | ३७.०२ |
| Upgrading of Jugle Goganpani bange panchase rural road | ANDH-W-NCB-JP-०६-२०७९/८० | Shree Bijaya/Rangkhola Siddhababa J.V. | ९९३८७०४८ | ७५५५२७९१ | २३.९८ |
| Upgrading of kalikhola SwasthaChauki Sihale Kholsi Road | ANDH-W-NCB-KS-११-२०७८/७९ | Shree Ranngkhola Siddhababa Nirman Sewa | ६७१७९०५ | ४९१८३४३ | २६.७९ |
| जाईखोला कल्भर्ट निर्माण | ANDH-W-NCB-JKC-०८-२०७८/७९ | Shree Ranngkhola Siddhababa Nirman Sewa | १०८३३५९४ | ८३८१८८५ | २२.६३ |
| Bangsing Healthpost Construction And Manageent Work | ANDH-W-NCB-BLDG-०६-२०७८/७९ | श्री विद्यामोहन इन्जिनीयरिंग कम्पनि प्रा.लि. आँधीखोला ०५ | १०८७८६३० | ७१३९९०२ | ३४.३७ |
| Sepat Bharsyang Deurali Panchase Rural Road Upgrading Work | ANDH-W-NCB-SP-०२-२०७७-७८ | Shree Singha & Brothers/ Sanskriti/ Shree Champeshwor J.V. | १२२१२१९०६ | ६५१७५३५७ | ४६.६३ |
| Jarekhola Bhandarthumka Maduwa Rural Road Upgrading Work | ANDH-W-NCB-JM-१२-२०७८-७९ | Shree Anshubi/Swarnim J.V Pokhara-५ | ३०९३२०१२ | २२६९६०२२ | २६.६३ |
| Conference hall Construction Work in Administrative Office Building | ANDH-W-NCB-BLDG-१०-०७९-८० | Shree Pokhara Shivam Construction &Suppliers Pvt.Ltd Pokhara-१७,Kaski | १२२८६०५७ | ९१९००७३ | २५.२० |

३० **विद्यालय भौतिक पूर्वाधार निर्माण -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-८ मा रु.२२,५५,२३०.३८ सम्परीक्षण गरिएको ।)*

३१ **लघु उद्यम विकास कार्यक्रम -**

३१.१ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार पालिकाले वडा नं. ५ मा चुरा पोते सम्बन्धी तालिम सञ्चालन गरी रु. २,००,०००।०० को चुरा पोते सम्बन्धी प्रविधि खरिद गरी हस्तान्तरण गरेकोमा लेखापरीक्षण अवधिसम्म त्यसको उपलब्धी बारे अनुगमन, मूल्याङ्कन नगरेकोले त्यसको उपलब्धी बारे एकीन हुन सकिएन । यस प्रकारको कार्यक्रमको उपलब्धी सम्बन्धमा पालिकाले अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

३१.२ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार पालिकाले वडा नं. १ मा मिति २०७९।१०।२२ देखि २०७९।१०।२९ सम्म र वडा नं. ३ मा मिति २०७९।११।११ देखि २०७९।११।१९ सम्म ८।८ दिनको उद्यमशिलता विकास तालिम सञ्चालन गरेकोमा उक्त कार्यक्रममा सहजकर्ता र प्रशिक्षक भत्ता बापत एउटै व्यक्तिले रकम बुझेको उचित देखिएन।

३१.३ वैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनः एकीकृत कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसार सञ्चालन भएको पुनः एकीकृत कार्यक्रममा रहेको कुल बजेट रु. १७,२०,०००।०० मध्ये रु. १७,२०,०००।०० नै खर्च भएको देखिन्छ। लाभग्राहीहरूलाई विभिन्न सामग्री वितरण गरेकोमा उक्त सामग्रीको उचित सदुपयोग भए नभएको अनुगमन मूल्याङ्कन नगरेकोले त्यसको उपलब्धी बारे एकीन हुन सकेन। तत् सम्बन्धमा अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु पर्दछ ।

३२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरिएको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका वडा हरूमा १८ वटा योजना सञ्चालन गरी यस वर्ष ५८ जनालाई औसत ८७ दिन रोजगारी उपलब्ध गराई रु.३३,८२,०००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३३ **कृषि तथा पशुमा अनुदान -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिकरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ। साथै अनुदानमा बिउ वितरण गर्दा जग्गाको स्वामित्व हेरेर मात्र वितरण गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण

अनुसार यस वर्ष  निम्नानुसार कार्यक्रममा देहाय अनुसार अनुदान वितरण गरेकोमा निम्नानुसार व्यहोरा देखिएका छन्ः

| भौचर नं. | विवरण | अनुदान रकम |
|---|---|---|
| ३६६ | ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल वितरण कार्यक्रम | ४३१००० |
| ३७५ | ५० प्रतिशत अनुदानमा सुन्तला तथा कागती वितरण कार्यक्रम | २२१७२१ |
| १८५ | ५० प्रतिशत अनुदानमा आलु र च्याउ वितरण कार्यक्रम | २८४०० |
| ३५१ | ५० प्रतिशत अनुदानमा चैते धान विउ तथा तरकारी विउ वितरण कार्यक्रम | २३३२९५ |
| २९४ | ५० प्रतिशत अनुदानमा कृषि पकेट कार्यक्रममा डोको तथा विउ वितरण | १४२०२६ |

३३.१ अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकाबाट स-साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

३३.२ कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउनेतर्फ गाउँपालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

३३.३ कृषि तथा पशुमा कृषक नगद सहभागिता कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत सहभागितामा वडा नं. १ र ६ मा गोला सहितको मौरी वितरण गरेकोमा १०० प्रतिशत रकम नै पालिकाबाट भुक्तानी भएकोले ५० प्रतिशत बापतको बढी भुक्तानी रकम सम्बन्धित कृषकबाट असुल गरी सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| भौचर नं. | कुल भुक्तानी रकम | ५० प्रतिशत भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी |
|---|---|---|---|
| २६७ | १,५०,००० | ७५,००० | ७५,००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,००० |

३३.४ ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल वितरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत पालिकाको साझेदारी सहित कुल रु. ८,६२,०००।०० को प्लाष्टिक टनेल खरिद गरेकोमा रु. १,०६,०००।०० को प्लाष्टिक टनेल किसानलाई वितरण नभई स्टोरमा मौज्दात रहेकोले उक्त सामान सम्बन्धित किसानलाई

वितरण गरी ५० प्रतिशत हुन आउने उक्त रकम सम्बन्धितबाट असुल गरी सञ्चित कोषमा दाखिला गरी प्रमाण गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३,००० |

३३.५ पालिकाले ५० प्रतिशत अनुदानका विभिन्न कार्यक्रममा विउ विजन तथा विरुवा मागका आधारमा खरिद गरेकोमा उक्त खरिद मालसामान लागत सहभागिताका आधारमा वितरण गरी कार्यसम्पन्न गर्नुपर्दछ। लेखापरीक्षण अवधि सम्म पनि निम्न मालसामान वितरण नगरी मौज्दात राखेकोले पालिकाले खरिद गरेका मालसामान वितरण गरी लागत सहभागिताको अंश बैङ्क दाखिला गर्नुपर्दछ।

| **भौचर नं.** | **विवरण** | **मौज्दात मालसामान बापतको रकम** |
|---|---|---|
| ३७५ | ५० प्रतिशत अनुदानमा सुन्तला तथा कागती वितरण कार्यक्रम | ४२००० |

३४ **कर तथा शुल्क असूली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ६००००० | ८५३७८० | १४२.३ |
| घरजग्गा वहाल कर | ९०००० | ८३३५० | ९२.६१ |
| व्यवसाय कर | १६०००० | २०३४५५ | १२७.२ |
| वहाल विरौटी शुल्क | ५००००० | ६५३२५० | १३०.६ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३५ **असुली गर्न बाँकी आन्तरिक आय -**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-६ मा रु.१४,००० सम्परीक्षण गरिएको ।)***

३६ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. ८२ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा

रु. १,२०,७६,१२७।०० अर्थात अनुमान भन्दा ४७.२७ प्रतिशत बढी आय प्राप्त गरेको छ । उपरोक्त आन्तरिक आम्दानीमा कृषि र पशु शाखाबाट सञ्चालित जनसहभागितामा आधारित योजनाहरूको करिब रु. १० लाख जनसहभागिता रकम समेत समावेश छ । अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३७ **ढुङ्गा, गिट्टी र बालुवाको राजश्व -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को साबिकको दफा ६४ मा ढुङ्गा, गिट्टी र बालुवाबाट सङ्कलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा रहने र सोको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले सङ्कलन गरी प्रदेश कानुन अनुसार बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । तर उक्त ऐनको सो दफा खारेज भई ६२ (क) थप गरी ढुङ्गा, गिट्टी र बालुवा बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चितकोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेको तर सोही अनुरुप प्रदेश कानुन संशोधन नगरेको कारणले सो करबाट सङ्कलित राजश्व बाँडफाँटमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा विपरीत हुनेगरी संघीय मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी र बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी उक्त कर प्रदेश र स्थानीय तहको साझा अधिकार कायम गरेको देखिएबाट थप अस्पष्टता सिर्जना गरेको छ । यो वर्ष पालिकाले ढुङ्गा, गिट्टी र बालुवा बिक्री बापत रु.२२,७१,७४६।०० सङ्कलन गरेकोमा बाँडफाँट गरेको छैन । राजश्व बाँडफाँट सम्बन्धी कानुन तर्जुमा गर्दा सङ्घीय कानुनसँग नबाझिने गरी तयार गर्नुपर्दछ । साथै स्पष्ट कानुनी व्यवस्था गरी प्रकृतिक स्रोतको उपयोग गर्नुपर्दछ ।

३८ **आय ठेक्कामा भ्याट र अग्रिम कर -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-८ मा रु. ५९६,१४४ सम्परीक्षण गरिएको ।)***

३९ **राजस्व रकम समयमा दाखिला नभएको -** गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २३ मा प्रचलित कानुन बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोवार गर्ने बैङ्कमा सोही दिन वा काबु बाहिरको परिस्थिति परी सोही दिन दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ। नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा वडा तर्फको राजस्व करिब ५ महिना सम्म ढिला गरी दाखिला गर्ने गरेको पाइयो । जसको उदाहरण निम्नानुसार छ। सङ्कलित रकम समयमै दाखिला नहुँदा राजस्वको दुरुपयोग हुन सक्ने भएको हुँदा पालिकाले समयमै राजस्व दाखिला गर्नुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| वडा नं | महिना | कुल राजश्व (रु.) | एकमुष्ठ दाखिला मिति |
|---|---|---|---|
| १ | श्रावण | ९७,२८६ | २०७९।६।९ |
| | कार्तिक | ५१,१८३ | २०७९।९।३ |
| | पौष | ६७,८८४ | २०७९।११।३ |
| २ | श्रावण | ३४,३२४ | २०७९।६।२ |
| | असोज | ४७,६८५ | २०७९।८।१६ |
| | भाद्र | ६९,११२ | २०७९।८।१६ |
| | कार्तिक | २१,९६२ | २०७९।९।२१ |

| | | | |
|---|---|---|---|
| ४ | श्रावण | ३०,२६७ | २०७९।९।४ |
| | भाद्र | १८,७७३ | २०७९।९।४ |
| | असोज | ७,८७० | २०७९।९।४ |
| ६ | श्रावण | ६२,६४१ | २०७९।८।१३ |
| | भाद्र | ५१,६३६ | २०७९।८।१३ |
| | असोज | ३९,७७८ | २०७९।८।१३ |

४० **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५३,२८,१०,८०२ | १,२०,७६,१२७ | २.२७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४१ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु.१,२१,७४७।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४२ **टोल विकास संस्थालाई अनुदान** - पालिकाले ११ औं गाउँसभाको निर्णयबाट समानीकरण अनुदानबाट ३९ वटा टोल विकास संस्थालाई रु. १०,०००।०० का दरले कुल रु. ३,९०,०००।०० अनुदान दिएको छ। टोल विकास संस्थालाई प्रभावकारी बनाउनका लागि उक्त अनुदान सिधै संस्थाको बैङ्क खातामा भुक्तानी दिएकोमा के कति खर्च भयो सो को बिल भरपाई तथा अन्य केही प्रमाण पेश नभएकोले समानीकरण अनुदानको रकम गाउँसभाको पटके निर्णयबाट खर्च गरेको देखिन्छ। उक्त अनुदानको खर्च र उपलब्धी सम्बन्धमा प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९०,००० |

४३ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत पालिकाका कर्मचारीको तलब भत्ताबापत रु.१,८९,१५,९७७।०० खर्च लेखेको छ । तलबी

प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४४ **पारिश्रमिक कर -**

*✍ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-६ मा रु. २४,०३५ सम्परीक्षण गरिएको ।)*

४५ **स्वास्थ्य तर्फको तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४६ कर्मचारीको रु. २,४०,७२,०००।०० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

४६ **सुरक्षित आप्रवासन (सामि) -** सुरक्षित आप्रवासन कार्यक्रम मार्गदर्शन, २०७९ बमोजिम पालिकामा वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित बनाउन नेपाल सरकारद्धारा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनमा रहेकोमा उक्त कार्यक्रममा रहेको कुल बजेट रु. २५,४०,०००।०० मा रु. १९,८५,०००।०० खर्च भएको छ। स्थानीय तहमा पार्श्व चित्रमा वैदेशिक रोजगार सम्बन्धी तथ्याङ्क सङ्कलन गरी वैदेशिक रोजगारीलाई सुरक्षित बनाउँदै थप उपलब्धीमूलक बनाउने यो कार्यक्रमको मूल उद्देश्य रहेको छ। उक्त कार्यक्रममा विभिन्न ५ जना कर्मचारीलाई रु. ९,६८,०००।०० तलव, पार्श्व चित्र निर्माणमा रु. ४,००,०००।०० र बाँकी रकम कार्यक्रम सञ्चालन, अनुगमन, सामग्री खरिद तथा अन्य खर्च गरेको देखियो। कार्यक्रममा वित्तीय साक्षरता, मनोपरामर्श, कामदारको क्षमता अभिवृद्धि लगायतको क्रियाकलाप रहेकोमा वैदेशिक रोजगारमा जाने कामदारलाई सीप क्षमता अभिवृद्धि गर्ने कार्यक्रममा विशेष ध्यान दिएको देखिदैन। पालिकाले यसको प्रभावकारिताका लागि थप कदम चाल्न आवश्यक देखिन्छ।

४७ **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहले विभिन्न फर्महरूबाट रु. ९,९५,९४६।०० को औषधी कोटेशनद्वारा खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्ः

- आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,
- औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको

औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरू LMIS मा प्रविष्टी गरी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| गो.भौ.नं र मिति | आपुर्तिकर्ता | खरिद विधि | रकम (रु.) |
|---|---|---|---|
| १२५।२०७९।९।२० | माछापुच्छ्रे मेडिसिन सप्लायर्स | कोटेशन | ४,९९,९२० |
| २८।२०७९।६।१३ | चिराग फार्मेसी प्रा.लि. | कोटेशन | ४,९६,०२६ |
| **जम्मा** | | | **९,९५,९४६।००** |

४८ **छात्रवृत्ति -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-६ मा रु. १९,६०० सम्परीक्षण गरिएको ।)*

४९ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि रु. ७,२२,९४०।०० खर्च गरेको छ। विद्यालयहरूमा स्यानिटरी प्याडको मौज्दातको सम्बन्धमा पालिकासँग अद्यावधिक अभिलेख छैन । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरू भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रूपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

५० **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-८ मा रु.५१,८५०००।०० सम्परीक्षण गरिएको ।)*

५१ **पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१३ मा स्थानीय तहले सामुदायिक विद्यालयलाई पुस्तकालय स्थापना तथा व्यवस्थापनका लागि प्रति विद्यालय वार्षिक रु. ६ लाख ५० हजारका दरले उपलब्ध गराउने व्यवस्था छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट आई. सि. टी. ल्याव व्यवस्थापनका लागि राष्ट्रिय मा. वि. लाई रु. ६ लाख ५० हजार अनुदान दिएकोमा स्थानीय तहले पुस्तकालय स्थापना तथा व्यवस्थापनका लागि सोही विद्यालयलाई रु. ६ लाख ५० हजार अनुदान उपलब्ध गराएको छ। अनुदान प्राप्त नगरेका अन्य विद्यालयलाई अनुदान उपलब्ध गराउनुपर्नेमा पालिकाले एउटै विद्यालयलाई अनुदान दोहोरो पारी उपलब्ध गराउनु उचित देखिदैन। यसमा सुधार गर्नुपर्दछ ।

| भौचर नं. | विद्यालय | विवरण | अनुदान रकम (रु.) |
|---|---|---|---|
| १३१ | राष्ट्रिय मा. वि. | पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६,५०,०००।०० |

५२ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः

- स्थानीय तह मातहतमा रहेक ३४ विद्यालयमा २१८ शिक्षक दरबन्दी रहेकोमा २१२ पदपूर्ति भएको र पदपूर्ति मध्ये ६९ करारमा देखिन्छ । दरबन्दी अनुसारको स्थायी शिक्षक पदपूर्ति हुनुपर्दछ।
- विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५३ **बीमा तथा नविकरणको पेश्की फछ्र्यौट -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-६ मा रु.१,११,८१२ सम्परीक्षण गरिएको । )***

५४ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ८ कार्यक्रममा ८ निकाय, व्यक्ति तथा संस्थालाई रु. २,०१,४०,५८८।०० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाब कायम गर्नुपर्दछ।

| गो.भौ.नं | पेश्की लिनेको नाम | पेश्की विवरण | पेश्की रकम रु |
|---|---|---|---|
| २४ | विवेक एण्ड कुवेर विल्डर्स प्रा लि | दत्तलोटे खानेपानी आयोजना | २,००,००० |
| २४ | सिंह एण्ड ब्रदर्श । संस्कृति । श्री चम्पेश्वर जे.भी. | सेपत भर्स्याङ वाङ्सिङ पञ्चासे सडक आयोजना | ५५,००,००० |
| ३ | अनुसुवि/स्वर्णिम जे.भी. | जरेखोला भण्डार थुम्का ग्रामिण सडक स्तरोन्नति | १९,००,००० |
| ५ | रेगन निर्माण सेवा | राष्ट्रपति शैक्षिक सुधार अन्तर्गतका विद्यालयमा भवन निर्माण | ६,२८,०८८ |
| १५ | सुन्दर निर्माण सेवा | आवासीय भवन निर्माण जन प्रदीप मा. वि. | ३३,००,००० |
| ३३ | विजय/राङ्गखोला सिद्धबाबा जे भी | जुग्ले गोगनपानी बांगे पन्चासे ग्रामिण सडक | ६६,००,००० |
| २५५ | पोखरा शिवम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | गाउँपालिका कार्यालय घेराबार र ल्याण्ड पुलिङ | १६,००,००० |

| | | | |
|---|---|---|---|
| २९ | ग्रेडिएन्ट इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि. | हरिपाला- टिकाजा सडक बोक्सेराहा आँधीखोला पुल स्याङजा डिपिआर सहित | ४,१२,५०० |
| **जम्मा** | | | २०१४०५८८ |

५५ **पेश्की बाँकी -** ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-८ मा रु. ५३१००० सम्परीक्षण गरिएको ।)*

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक वर्षः** २०७९/८०

**कार्यालय र स्थान :** आँधिखोला गाउँपालिका, स्याङजा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | युवराज अधिकारी | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | आजाद पौडेल | २०७७-१०-१ | हाल सम्म कार्यरत |

**बेरूजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २२,३७,१०४ | ३५,६६,६६४ | ८६,४७,३२० | ० | ० | ५,३१,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजु रु.** | | | | | १,४९,८२,०८८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,३१,६३,१८९ |
| **संपरीक्षणबाट थप भएको बेरूजु रु.** | | | | | १,५७,९७४ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजु रु.** | | | | | १९,७६,८७३ |

आर्थिक कारोबारको स्थितिः

| | | | |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | | ४९८१०९६३.२६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७७०१५२२२ | चालु खर्च | ३३६७३५४७१ |
| प्रदेश सरकारबाट अनुदान | १८६१०४७५ | पुँजीगत खर्च | २२१८९६३२० |
| राजश्व बाँडफाँट | ५९०१९७१३.०९ | वित्तीय/अन्य व्यवस्था | १२७०१८९६० |
| आन्तरिक आय | ३६२५९७३२.५९ | | |
| अन्य आय | १६००५५०१९.५ | | |
| कुल आय | ६५०९६०१६२.१८ | कुल खर्च | ६८५६५०७५१ |
| बाँकी मौज्दात | | १५१२०३७४.४४ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -२

| क.सं. | आय तर्फ | | | क.सं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च ( साट्न बाकी चेक घटाएर ) | ३३६७३५४७१ | ३३६७३५४७१ |
| | क) नगद | | | २ | पुँजीगत खर्च ( साट्न बाकी चेक घटाएर ) | २२१८९६३२० | २२१८९६३२० |
| | ख) बैङ्क | | ४९८१०९६३ | ३ | विषयगत ( भुक्तानी आदेश बनाई खर्च गर्ने ) तर्फः | | |
| २ | राजस्व ( आन्तरिक आय ) | | | | सामाजिक सुरक्षा | १२१०५९७२५ | १२१०५९७२५ |
| | क) आन्तरिक राजस्व (बोलपत्र फारम बिक्री, लागत सहभागिता लगायत समेत) | ३६२६९७३३ | ३६२६९७३३ | | गरिवसँग विश्वेश्वर | - | - |
| | ख) राजश्व बाँडफाँड | | ५९०१९७१३ | | | - | |
| | संघीय राजस्व बाँडफाँड | ५५६२७०१२ | - | | पर्यटन पुर्वाधार विकास आयोजना | - | - |
| | प्रदेश राजश्व बाँडफाँड | २९३०७०१ | - | | स्वच्छ वातावरण कार्यक्रम | - | - |
| | मालपोत रजिष्ट्रेशन शुल्क | ४६२००० | - | | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम ( संघतर्फ अनुदान ) | - | - |
| | | | - | | | - | |
| ३ | वित्तीय हस्तान्तरण संघ | | ३७७०१५२२२ | | | - | |
| | क) वित्तीय समानीकरण अनुदान | ८६२१०००० | - | | | - | - |
| | ख) सशर्त अनुदान | २५०८०५२२२ | - | ४ | वित्तीय व्यवस्था भुक्तानी | - | |
| | ग) समपूरक अनुदान | १५०००००० | - | | क) ऋण भुक्तानी | - | - |
| | घ) विशेष अनुदान | २५०००००० | - | | ख) ब्याज भुक्तानी | - | - |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १८६१०४७५ | | ग) अन्य भुक्तानी | - | - |
| | क) वित्तीय समानीकरण अनुदान | ८८२७८७५ | - | ५ | लगानी | - | |
| | ख) सशर्त अनुदान | - | - | | ऋण लगानी | - | - |
| | ग) समपूरक अनुदान | ५७८२६०० | - | | शेयर लगानी | - | - |
| | घ) विशेष अनुदान | ४०००००० | - | | अन्य लगानी | - | - |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | - | - | ६ | धरौटी फिर्ता (साट्न बाकी चेक घटाएर) | ५०६९२३५ | ५०६९२३५ |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | - | - | | | - | - |
| | क) ऋण प्राप्ति | - | - | | विभिन्न कोषतर्फको खर्च | - | - |
| | ख) साँवा प्राप्ति | - | - | | विभाज्य कोष खाता | - | - |
| | ग) ब्याज प्राप्ति | - | - | ७ | बिबिध कोष खाता | - | - |
| ७ | विभिन्न कोषतर्फको आय | - | ११४२४१३५ | | कर्मचारी कल्याण कोष | - | - |
| | विभाज्य कोष खाता | - | - | | लैंगिक हिंशा | - | - |
| | बिबिध कोष खाता : | २३३९८ | - | | पी. सि . आर . ल्याव | - | - |
| | कर्मचारी कल्याण कोष | - | - | | साझेदारी विकास कोष | - | - |
| | लैंगिक हिंशा (सामुदायिक होम स्टे) | ३००००० | - | | मर्मत संभार कोष | - | - |
| | पी. सि . आर . ल्याव | - | - | | वेदव्यास शिवपान्चायन १०८ फिट | - | - |
| | साझेदारी विकास कोष | - | - | | प्रकोप व्यवस्थापन तथा अन्य कोष | - | - |
| | मर्मत संभार कोष (सडक बोर्ड) | २५००००० | - | | विविध खर्च खाता ( साट्न बाकी चेक घटाएर ) | - | - |
| | पुनः एकीकरण कार्यक्रम | १९७५००० | - | | विपद व्यवस्थापन / कोष | ९००००० | ९००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रकोप व्यवस्थापन तथा अन्य कोष | - | - | | | - | |
| | आकस्मिक कोष खाता | ९७८०३८.५२ | - | ८ | मौज्दात | - | १५१२०३७४ |
| | विविध खर्च खाता (संस्थागत/व्यक्तिगत अनुदान) | ५६४७६९८ | - | | क) नगद मौज्दात | - | - |
| ८ | विषयगत ( भुक्तानी आदेश वनाइ खर्च गर्ने ) तर्फः | | १४८६३०८८५ | | ख) चालु खर्च खाता (१,७०,८५,३९८.३३) | - | - |
| | सामाजिक सुरक्षा | १२१०५९७२५ | - | | ग) पुजीगत खर्च खाता (१५,०४,६६,६४०.०७) | - | - |
| | गरिवसँग विश्वेश्वर | - | - | | घ) बैङ्क मौज्दात ( सञ्चित कोष खाता ) | १९३९४७८ | - |
| | पर्यटन पुर्वाधार विकास आयोजना | - | - | | ङ) आकस्मिक कोष खाता | ७८०३९ | - |
| | स्वच्छ वातावरण कार्यक्रम | - | - | | च) बैंक मौज्दात ( धरौटी कोष खाता ) | १३१०२८५८ | - |
| | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम ( संघतर्फ अनुदान ) | ८८६९१० | - | | छ) बैंक मौज्दात ( प्रकोप व्यवस्थापन कोष ) | - | - |
| ९ | लागत सहभागिता | ८५१२१५७ | - | | ज) विविध खर्च | - | - |
| १० | धरौंटी आय | १८१७२०९३ | - | | झ) विविध कोष खाता | - | - |
| ११ | लगानीको साँवा फिर्ता | - | - | | | - | - |
| १२ | अन्य विविध आय | - | - | | | - | - |
| जम्मा | | | ७००७८११२६ | | जम्मा | | ७००७८११२६ |

## बेरूजु दफा ५२ सँग सम्बन्धित विवरण - अनुसूची -३

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | विधार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | श्री जनहित मा.वि | १२ | १२ | ४ | १७४ | १५ |
| २ | श्री राष्ट्रिय आ.वि | ३ | २ | २ | २१ | ११ |
| ३ | श्री डहरे देउराली आ.वि | १ | ० | ० | २० | - |
| ४ | श्री गाउँफर्क आ.वि | ७ | ७ | १ | ८९ | १३ |
| ५ | श्री त्रि-शहिद नमूना मा.वि | २४ | २४ | १२ | ५२० | २२ |
| ६ | श्री चन्द्रमा आ.वि | २ | २ | ० | ३५ | १८ |
| ७ | श्री आधारभूत आ.वि | १ | १ | ० | १० | १० |
| ८ | श्री बालरञ्जन आ.वि | १ | १ | ० | १८ | १८ |
| ९ | श्री सरस्वती आ.वि | ४ | ४ | ० | ६३ | १६ |
| १० | श्री प्रद्युम्न पनेरु मा.वि | १६ | १६ | १ | २३४ | १५ |
| ११ | श्री बाँस्कोट आ.वि | ३ | ३ | ० | ६७ | २२ |
| १२ | श्री बालहित आ.वि | २ | २ | १ | २६ | १३ |
| १३ | श्री गोगनपानी आ.वि | ३ | ३ | ० | ४० | १३ |
| १४ | श्री शारदामन्दिर मा.वि | १३ | १३ | ७ | १२१ | ९ |
| १५ | श्री जनज्योति आ.वि | १ | १ | ० | १७ | १७ |
| १६ | श्री सरस्वती आ.वि | २ | २ | १ | १६ | ८ |
| १७ | श्री भगवती मा.वि | १५ | १५ | ३ | १५७ | १० |
| १८ | श्री जनप्रदीप मा.वि | १५ | १५ | १ | २४९ | १७ |
| १९ | श्री डहरे आ.वि | ३ | ३ | ० | ५१ | १७ |
| २० | श्री देउराली आ.वि | ३ | ३ | १ | ६२ | २१ |
| २१ | श्री जनउदार आ.वि | ३ | ३ | २ | ३२ | ११ |
| २२ | श्री जनज्योति आ.वि | २ | २ | १ | १२ | ६ |
| २३ | श्री गुरुकुल वेदविद्याश्रम | ५ | ५ | ३ | ४० | ८ |
| २४ | श्री चिलाउनेबास आ.वि | २ | २ | २ | २३ | १२ |
| २५ | श्री राष्ट्रिय मा.वि | १४ | १४ | ३ | १५६ | ११ |
| २६ | श्री साउनेटारी आ.वि | २ | २ | १ | २९ | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | श्री अन्धाअन्धी प्रकाश मा.वि | ११ | ११ | ३ | १३९ | १३ |
| २८ | श्री पाखीबोट आ.वि | २ | २ | १ | २० | १० |
| २९ | श्री वि.पी स्मृति आ.वि | ३ | ३ | ० | ४० | १३ |
| ३० | श्री श्रवण आ.वि | २ | २ | २ | १६ | ८ |
| ३१ | श्री श्रवण मा.वि | १३ | १३ | ३ | १२६ | १० |
| ३२ | श्री पञ्चासे आ.वि | ५ | ५ | ४ | ३३ | ७ |
| ३३ | श्री जनप्रिय मा.वि | ११ | ११ | ४ | ६६ | ६ |
| ३४ | श्री सेपत सिरानचौर मा.वि | १२ | १२ | ४ | ९० | ८ |
| | जम्मा | २१८ | २१२ | ६९ | ३०६६ | १४ |

संपरीक्षणबाट थप भएको बेरूजूः

| क्र.सं. | बेरूजुको विवरण | रकम |
|---|---|---|
| १ | श्री लाखे/थापा जे.भी. स्याङ्जाको अग्रीम कर र ३० प्रतिशत भ्याट बापतको रकम एकमुष्ट दाखिला गरेको तर धरौटी रकममा कायम बेरूजुमा कुनै कारवाही नभएकोले उक्त बेरूजु कायम हुने रु. | १५७९७४ |